## सशक्तीकरण पत्रिकाको लागि लेख रचना उपलब्ध गराउने सम्बन्धी सूचना ।

महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालयबाट महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक तथा संघ संस्था सम्बन्धी विषयहरु समेटी सशक्तीकरण पत्रिका प्रकाशन हुन गइरहेको छ । यस पत्रिकालाई उपयोगी, विश्लेषणात्मक एवं विचारमूलक र समसामयिक बनाउन विभिन्न लेखकहरुसँग माथि उल्लेखित यस मन्त्रालयको कार्यक्षेत्रका विषयमा केन्द्रीत रही लेखहरु संकलन गर्ने कार्य भईरहेको सन्दर्भमा उक्त पत्रिकामा लेख रचना समावेश गर्न इच्छुक लेखकहरुबाट बढिमा ३००० (तीन हजार) शब्दको उपयुक्त लेख-रचना यही २०७४ फागुन मसान्तसम्म मन्त्रालयमा उपलब्ध गराइदिनुहुन अनुरोध गरिन्छ । प्रकाशनको लागि पठाइने लेख रचनाको माध्यम भाषा नेपाली भए युनिकोड फन्टको साइज ११ र अंग्रेजी भए Times New Roman फन्टको साइज १२ मा टाइप गरिएको हुनुपर्नेछ । लेखकले आफ्नो लेख रचनामा अनिवार्य रुपमा उल्लेख गर्नुपर्ने विषयहरु देहाय बमोजिम रहेका छन् :

क) लेखको शुरुमा लेखको सार जनाउने पृष्ठभूमी

ख) मुख्य लेख/विषयवस्तु

ग) अन्त्यमा निष्कर्ष

घ) लेख तयार पार्न प्रयोग भएका सन्दर्भ सामग्रीको स्रोत अनिवार्य रुपमा अर्न्तराष्ट्रिय मापदण्ड अनुरुप उल्लेख गर्नुका साथै लेखकले आफ्नो इमेल ठेगाना र फोन नम्बर पनि उल्लेख गरी पठाउन समेत अनुरोध गरिन्छ ।

लेख रचनाहरु इमेल ठेगाना bharatsharmabrs@gmail.com वा bhawanaguragain@yahoo.comमार्फत पनि पठाउन सकिनेछ । यस सम्बन्धी विस्तृत जानकारी महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालयको अनुगमन, मूल्यांकन, तथ्यांक विश्लेषण तथा प्रकाशन शाखाबाट लिन सकिने व्यहोरा समेत जानकारी गराइन्छ ।

पुनश्चः- प्राप्त लेख/रचनाहरु प्रकाशन गर्ने/नगर्ने सम्पूर्ण अधिकार सम्पादक मण्डललाई हुनेछ ।